MetLife

# अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनी

(लिमिटेड कम्पनीको रुपमा सन् १८६८ मा अमेरिकामा स्थापित भई
बीमा ऐन, २०४९ अनुसार नेपालमा जीवन बीमा व्यवसाय गर्न ईजाजत प्राप्त)
कम्पनी दर्ता नं. ६/०६२/०६३

**नेपाल स्थित रजिष्टर्ड कार्यलय :**
नारायणी कम्प्लेक्स, पुल्चोक,
पो.ब.नं. ११५९०, काठमाडौ, नेपाल ।

**यस बीमालेखको अनुसूचीमा उल्लेख गरिएको बीमितको बीमा गर्दछ र यस बीमालेखमा उल्लेखित शर्तहरुको अधिनमा रही यस बीमालेखमा निधारित लाभहरु (Benefits) बीमितलाई भुक्तानी दिन मंजुर गर्दछ ।**

**मूल बीमालेख (Basic Policy) वापत तिर्नुपर्ने बीमाशुल्क बीमालेख जारी भएको मितिमा नै तिर्नुपर्नेछ र त्यसपछि बीमालेखको अनुसूचीमा उल्लेख भएअनुसार बीमितको जीवनकालको अवधिभित्र तिर्नुपर्नेछ ।**

**यसै साथ संलग्न बीमाको पूरक करारको लागि तिर्नुपर्ने अतिरिक्त बीमाशुल्क मूल बीमालेखको लागि तिर्नुपर्ने बीमाशुल्क तिरेकै मितिमा तिर्नु पर्नेछ । पूरक करारमा उल्लेखित शर्त बन्देजको अधिनमा रही त्यस्तो अतिरिक्त बीमाशुल्क पूरक करार अन्त्य नभएसम्म तिर्नुपर्नेछ ।**

**बीमालेखको लागि गरेको आवेदन तथा यस बीमालेखको अनुसूचीमा उल्लेख भए अनुरुप बीमाशुल्क वापत तिर्नुपर्ने रकम अग्रिम भुक्तानी दिए वापत यो करार सम्मन्न भएको छ ।**

**बीमालेख वर्ष, महिना तथा वार्षिकोत्सव बीमालेखको अनुसूचीमा उल्लेख भएको बीमालेख प्रारम्भ मिति अनुसार निर्धारण हुनेछ ।**

**बीमाबाट प्राप्त हुने लाभहरु, बीमालेखको अनुसूची (Policy Specification Schedule) मा उल्लेख भए अनुसारका प्रावधान तथा शर्तहरु, यो पृष्ठ र त्यसपछिका पृष्ठहरु तथा संलग्न सम्पुष्टिमा उल्लेख भएका कुराहरुलाई यसै करारको अंग मानिनेछन् ।**

**बीमा कम्पनीले तिर्नुपर्ने रकमहरु वा बीमा कम्पनीलाई तिर्नुपर्ने सबै किसिमका रकमहरु बीमालेखको अनुसूचीमा उल्लेख भएअनुरुपको मुद्रामा भुक्तानी गर्नु पर्नेछ र बीमालेखको अनुसूचीमा उल्लेख भएको भुक्तानीको देश (Country of Payment) मा रहेको कम्पनीको कार्यालयमा भुक्तानी गरिनेछ ।**

**बीमालेखको अनुसूचीमा उल्लेख भएको जारी मितिका दिन यसमा उल्लेखित साक्षिहरुको रोहवरमा, अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनीले यो बीमा हस्ताक्षर गरेको छ ।**

रजिष्ट्रार

निर्मल काजी श्रेष्ठ
भाईस प्रेसिडेन्ट एण्ड जनरल म्यानेजर

235102

MetLife

## American Life Insurance Company

(Incorporated in 1868 in the U.S.A.as Limited Company and
Registered for Life Insurance Business in Nepal under Insurance Act, 2049)
Company Regn. No. 6/062/063

**Registered Office in Nepal:**
NARAYANI COMPLEX, PULCHOWK
G.P.O. BOX: 11590, KATHMANDU, NEPAL

**HEREBY INSURES** the Insured stated in the Policy Specification Schedule of this Policy and agrees to pay the benefits porvided herein subject to the terms and conditions hereof.

**PREMIUMS** for the Basic Policy are payable as of the Policy Date and thereafter during the lifetime of the Insured as stated in the Policy Specification Schedule.

**ADDITIONAL PREMIUMS** for any Supplementary Contracts attached hereto are payable on the same date as the premium payment date of the Basic Policy, such payments to continue until termination of such Supplementary Contracts in accordance with the terms thereof.

**THIS CONTRACT** is made in consideration of the application for this Policy and the payment, in advance of premiums as herein provided in the Policy Specification Schedule.

**POLICY YEARS,** months and anniversaries will be determined from the Policy Date stated in the Policy S ecification Schedule.

**THE BENEFITS,** provisions and conditions set forth in the Policy Specification Schedule and on this and the following pages and endorsements attached are a part of this contract.

**ALL SUMS** payable hereunder by or to the Company shall be payable in the currency stated in the Policy Specification Schedule and shall be paid at the office of the Company in the Country of Payment stated in the Policy Specification Schedule.

**IN WITNESS WHEREOF, AMERICAN LIFE INSURANCE COMPANY** has caused this Policy to be executed as of the Date of Issue stated in the Policy Specification Schedule.

Registrar

Nirmal K. Shrestha
Vice President and General Manager

# बीमाका सामान्य शर्तहरु

बीमा करार, यसका शर्त तथा बन्देजहरु (Limitations): यो बीमालेख र यसको लागि पेश गरिएका प्रस्ताव, जसको प्रतिलिपि यसै साथ संलग्न गरिएको छ, र यसै बीमालेखको अभिन्न अंग हुने भनिएको यसैसाथ संलग्न गरिएको पूरक करार (Supplementary Contract) समेतबाट यो बीमा करार बनेको छ ।

जालसाजी (Fraud) को अवस्थामा बाहेक बीमा करारको लागि आवेदन गर्दा दिइएका विवरणहरु (Statements) लाई अभिकथन (Representation) को रुपमा लिइनेछ र यसलाई जमानत (Warranties) को रुपमा लिइने छैन । लिखित दरखास्तमा अन्यथा लेखिएकोमा बाहेक कुनै पनि विवरण (Statement) मा लेखिएको कुनै पनि कुराहरु यो करार अवैध गराउन वा दाबी भुक्तानी रोक्का गर्ने उद्देश्यको लागि प्रयोग गरिने छैन ।

बीमा करारमा हेरफेरः संचालक समितिको अध्यक्ष, प्रेसिडेन्ट (President), भाइस प्रेसिडेन्ट (Vice President), क्षेत्रीय भाइस प्रेसिडेन्टहरु, बीमांकी (Actuary), सचिव, सहायक भाइस प्रेसिडेन्ट, क्षेत्रीय सचिवहरु, सहायक सचिव अथवा कम्पनीका रजिष्ट्रारले मात्र बीमा करार गर्ने र यसलाई बीमा समितिको सहमतीमा संशोधन गर्ने, बीमा शुल्कको भुक्तानीको समयावधि बढाउने वा कम्पनीको कुनै पनि अधिकार वा आवश्यकता (Requirement) परित्याग गर्न सक्दछ ।

दावीहरुः यो बीमालेख सहित बीमा नियमावली २०४९ को नियम ३१ को व्यवस्था अनुसारका कागजात कम्पनीमा पेश भएपछि दावी अनुसारको रकम भुक्तानी गरिनेछ ।

बचतमा सहभागिताः

(क) बीमाको अवधि भुक्तान भएपछि प्राप्त हुने बोनस (Reversionary Bonus): यस बीमालेखको कुनै पनि वार्षिकोत्सव (Anniversary) मा यो बीमालेख वहाल (Enforce) रहेमा र त्यस वार्षिकोत्सवमा भुक्तानी गर्नुपर्ने सबै बीमाशुल्क भुक्तान गरेको भए बीमांकमा थप हुने गरी कम्पनीले बोनसको घोषणा गर्न सक्नेछ । यसरी बोनसको घोषणा हुँदा बीमा अवधि भुक्तान भएपछि वा बीमितको मृत्यु हुँदा भुक्तानी हुने रकम (benefit) मा वृद्धि हुने गरी प्राप्त हुने (reversionary) बोनसको आफ्नै नगद मूल्य हुनेछ र यसका आधारहरु कम्पनीले निर्धारण गरेबमोजिम हुनेछन् । यस्तो बोनसको नगद मूल्य बीमालेख अन्तर्गतको आधारभूत नगद मूल्यको अंग बन्दैन तर बीमालेखको जम्मा नगद मूल्यमा गाभिने छ ।

(ख) पूँजी वृद्धि बोनस (Capital Growth Bonus): बीमा वार्षिकोत्सव (Policy Anniversary) मा तिर्नुपर्ने बीमाशुल्क भुक्तानी भएमा र उक्त समयमा बीमालेख वहाल (Enforce) रहेको भएमा कम्पनीले यस बीमालेखको कुनै पनि वार्षिकोत्सवमा पूँजी वृद्धि बोनस घोषणा गर्न सक्नेछ । यस्तो बोनस बीमालेखमा उल्लेखित बीमांकको अतिरिक्त रहनेछ र बीमा अवधि समाप्त हुँदा वा बीमितको मृत्यु भएपछि भुक्तानी हुने बीमांक रकम सहित भुक्तानी गरिनेछ । पूँजी वृद्धि बोनसको कुनै नगदी मूल्य (Cash Value) हुने छैन ।

योजनामा परिवर्तनः कम्पनीको सहमतिमा कम्पनीले निर्धारण गरेको प्रकृया अनुसार र कम्पनीले कुनै थप रकम निर्धारण गरेको भएमा सो भुक्तानी गरेपछि यो बीमालेख अर्को बीमा योजनामा परिवर्तन गर्न सकिनेछ ।

निर्विवादता (Incontestability): असक्तता वा दुर्घटना सम्बन्धी लाभ प्रदान गर्ने अंश बाहेक बीमित जीवित रहेको अवधिभित्र बीमा प्रारम्भ मितिले दुई वर्ष सम्म यो बीमालेख वहाल रहिसकेको भए जालसाजी, जानी जानी तथ्यहरु लुकाएको वा भुक्याएको वा बीमाशुल्क नै नबुझाएको अवस्थामा बाहेक यो बीमालेख निर्विवाद (Incontestable) हुनेछ ।

बीमालेख मालिकले आधारभुत बीमांक बढाउन वा व्यतित बीमालेख पुनर्जागरण गर्न चाहेमा यस बीमालेख अन्तर्गतको बीमांक वृद्धि वा पुनर्जागरण, बीमित जीवित रहेको अवधिभित्र बीमांक वृद्धि वा पुनर्जागरण भएको मितिले दुई वर्षसम्म वहाल रहिसकेको भए जालसाजी, जानी जानी तथ्य लुकाएको वा भुक्याएको वा बीमाशुल्कहरु नै नबुझाएको अवस्थामा बाहेक निर्विवाद (Incontestable) हुनेछ ।

आत्महत्याः यदि बीमितले, मगज बिग्रेको वा नबिग्रेको जस्तोसुकै अवस्थामा पनि बीमालेख जारी भएको वा व्यतित बीमालेख पुनर्जागरण भएको २ वर्षभित्र आत्महत्या गरेको खण्डमा यस करार अन्तर्गतको बीमाको रकम बीमितले कम्पनीलाई बुझाएको बीमाशुल्कको रकमसम्म मात्र सीमित रहनेछ, यो भन्दा बढी हुने छैन ।

उमेरः यदि, बीमा गर्दा बीमितको उमेर कम उल्लेख गरिएको रहेछ भने यस बीमालेख अनुसार भुक्तानी गर्नुपर्ने कुनै पनि रकम तिरिएको बीमाशुल्कले बीमितको सही उमेरको आधारमा खाम्न सक्ने बीमाङ्क रकम अनुसार घट्ने छ । यदि, बीमागर्दा बीमितको उमेर बढि उल्लेख गरिएको रहेछ भने सहि उमेर अनुसार भुक्तानी गर्नुपर्ने बीमाशुल्क भन्दा बढि तिरिएको बीमाशुल्क रकम कुनै ब्याज बिना फिर्ता गरिनेछ र यस बीमालेख अन्तर्गत भुक्तानी हुने रकमसा कुनै परिवर्तन हुने छैन ।

तर यदि, बीमालेख लागु मितिमा बीमितको उमेर कम्पनीले बीमालेख जारी गर्ने न्युनतम वा अधिकतम प्रवेश उमेर भन्दा कम वा बढि भएमा यो बीमालेख शुरु मिति देखि नै बदर हुनेछ ।

बीमितको न्युनतम वा अधिकतम प्रवेश उमेर बीमालेखको अनुसूचीमा उल्लेख गरिएको छ ।

यस बीमालेख अन्तर्गत बीमाको स्वामित्व र अधिकारः कुनै बैधानिक प्रतिबन्ध भएको अवस्थामा बाहेक यो करारले प्रदान गरेको सबै अधिकार, सुविधा र विकल्प (option) हरु स्पष्टरुपमा अरु कुनै व्यक्ति विशेषलाई प्रदान नगरिएको भएमा बीमालेखको मालिक (owner) मा मात्र सुरक्षित हुनेछन् र यसमा अन्यथा उल्लेख भएकोमा बाहेक बीमा करार वहाल रहेको अवधिमा बीमितको मृत्यु भएको खण्डमा मात्र निजले इच्छाएको व्यक्तिमा सर्नेछ ।

बीमाको स्वामित्व र इच्छाइएको व्यक्तिको परिवर्तनः यो करार वहाल रहेको अवस्थामा बीमा कम्पनीलाई मान्य हुने गरी लिखित सूचना गरीः

(क) बीमालेखको मालिकले आफ्नो बीमालेखको पूर्ण स्वामित्व आफ्नो जीवनकालमै अरु कुनै व्यक्तिलाई हस्तान्तरण गर्न सक्नेछ ।

(ख) यस लिखतमा अन्यथा उल्लेख भएकोमा बाहेक यो बीमालेखका सम्बन्धमा लागू हुने कानून अनुकूल भएसम्म भविष्यमा पनि इच्छाइएको व्यक्ति परिवर्तन गर्ने अधिकार सुरक्षित राखी वा नराखी इच्छाइएको व्यक्ति परिवर्तन गर्न सकिनेछ । कम्पनीले अभिलेख नगरेसम्म इच्छाइएको व्यक्तिको परिवर्तन गरिएको व्यहोरा लागु हुने छैन । इच्छाएको व्यक्तिको परिवर्तन गरिएको व्यहोरा कम्पनीले अभिलेख गरेपछि, अभिलेख गर्नु अगाडि कम्पनीले कुनै भुक्तानी दिएको वा अन्य कारवाही गरेको अवस्थामा बाहेक सूचनामा सही गरेको मितिदेखि नै इच्छाइएको व्यक्ति परिवर्तन गरिएको व्यहोरा लागू हुनेछ ।

बीमालेखको मालिक वा इच्छाइएको व्यक्तिको मृत्यु भएको अवस्थामा सृजना हुने अधिकारः बीमालेखको मालिक वा इच्छाइएको व्यक्तिको मृत्यु भएको अवस्थामा सृजना हुने अधिकार बीमा ऐन, २०४९ को दफा ३८ बमोजिम हुनेछ ।

हस्तान्तरण (Assignment): हस्तान्तरणको व्यहोरा बीमा कम्पनीमा दर्ता नभएसम्म यो बीमालेख वा यस अन्तर्गतको कुनै हक हस्तान्तरण भएको कुरा मान्न कम्पनी बाध्य हुनेछैन । कम्पनीले कुनै भुक्तानी दिनुअघि वा कुनै कारवाही चलाउनु अघि नै हस्तान्तरण सम्बन्धी सूचना कम्पनीमा प्राप्त भई अभिलेख भएमा मात्र मान्य हुनेछ । हस्तान्तरणको वैधता, प्रभावकारिता र पर्याप्तता सम्बन्धी कुनै पनि जिम्मेवारी कम्पनीले लिनेछैन ।

नगदी मूल्यः बीमालेखको आधारभूत नगदी मूल्य (Basic Cash Value) कम्पनीले बेलाबेलामा निर्धारण गरे बमोजिम नगदी मूल्यको तालिकामा आधारित हुनेछ । बीमालेखको कुल नगदी मूल्यमा आधारभूत नगदी मूल्य र यस बीमालेखमा जोडिदै जाने बोनस (reversionary bonus) को नगदी मूल्य समावेश हुनेछ ।

बीमालेख सापटीः यो बीमालेख वहाल रहेको अवधिभित्र बीमालेख उपयुक्त तवरले हस्तान्तरण हुने गरी बीमालेखको धितोमा तात्कालिक ऋण मूल्यमा नबढ्ने गरी कम्पनीले सापटी प्रदान गर्न सक्नेछ । बीमितले बुझाउनु पर्ने रकम कटाएपछि आगामी ब्याज भुक्तानी मितिसम्मको वा यो मितिभन्दा पहिले नै बीमाशुल्क बुझाउनु पर्ने भएमा बीमाशुल्क भुक्तानी मितिसम्मको ब्याज सहित हुन आउने बीमालेखको जम्मा नगद मूल्य बराबरको रकम नै बीमालेखको ऋण मूल्य हुनेछ । बीमालेख चालु राख्न प्रयोग गरिने बीमाशुल्क ऋण बाहेक अन्य ऋण प्रदान गर्ने कार्य ६ महिनाको अवधि नबढ्ने गरी स्थगित गर्ने अधिकार कम्पनीमा सुरक्षित छ । बीमालेखको वार्षिकोत्सवमा भुक्तानी हुने गरी दैनिक हिसाबले कम्पनीले तोकेको दरमा ब्याजको हिसाब गरिनेछ । ब्याजदर पुनः निर्धारण गर्ने अधिकार कम्पनीसँग हुनेछ र सो नयाँ ब्याजदर नयाँ तथा साविक दुवै ऋणमा लागू हुनेछ । ब्याज भुक्तानी गर्नुपर्ने बेलामा ब्याज नतिरे सो ब्याज ऋणमा गाभि ब्याजको हिसाब गरिनेछ । सावाँ ऋण र सोमा लाग्ने पाकेको ब्याज कटाएर मात्र बीमालेख अन्तर्गतको रकम बीमितलाई भुक्तानी दिइनेछ । कुनै पनि बेला ऋण र पाकेको ब्याज कुल नगद मूल्यभन्दा बढी भएमा बीमालेख समाप्त भई अमान्य हुनेछ ।

बीमाशुल्कको भुक्तानी र मोहलतको अवधि (Grace Period): यस बीमालेख अनुसार बुझाउनु पर्ने सबै बीमाशुल्क किस्ता अग्रीमरुपमा वार्षिक वा कम्पनीले निर्धारण गरेको अन्य तरिका अनुसार यस बीमालेखको हेरफेर महलमा उल्लेख गरेअनुसारका कम्पनीका अधिकृतले सही गरेको रसिदको सट्टामा भुक्तानी गर्नुपर्दछ ।

बाँकी अर्को पानामा

# GENERAL PROVISIONS

**THE CONTRACT, ITS PROVISIONS AND LIMITATIONS:**
This Policy and the application for it, a copy of which is attached hereto and made a part hereof, together with any Supplementary Contracts applied for which are attached hereto and stated to be a part hereof constitute the entire contract. All statement made in applying for the contract will be deemed, in the absence of fraud, representations and not warranties. No statement will be used to invalidate the contract nor to defend against a claim under it unless contained in the written application.

**MODIFICATIONS:** Only the Chairman of the Board, President, Vice President, Regional Vice President, Actuary, Secretary, Assistant Vice President, Regional Secretary, Assistant Secretary or Registrar of the Company can make or modify this contract with the consent of the Insurance Board, extend the time for payment of any premium or waive any of the Company's rights or requirements.

**CLAIMS:** Claims are only payable by the Company upon delivery of this Policy together with the documents necessary as per the provision of Insurance Regulation 2049, Rule 31.

**PARTICIPATION IN SURPLUS**

A) **REVERSIONARY BONUS:** On any anniversary of this Policy, if it then be in force and all premiums due have been paid to such anniversary, the Company may declare a bonus in the form of an addition to the Face Amount of the Policy, thereby increasing the benefits payable at maturity of the Policy or at death of the Insured. The Reversionary Bonus carries Cash Value of its own, the basis of which shall be determined by the Company. Said Cash Value does not form part of the Basic Cash Value under the Policy, but shall be included in the Total Cash Value of the Policy.

B) **CAPITAL GROWTH BONUS:** A Capital Growth Bonus may be declared by the Company on any anniversary of the Policy if the Policy is then in force and all premiums due have been paid to such anniversary. Such Capital Growth Bonus shall be in the form of an addition to the Face Amount of the Policy, thereby increasing the benefits payable at maturity of the Policy or at death of the Insured. Capital Growth Bonus does not carry any Cash Value.

**CHANGE IN PLAN:** This Policy may be changed to another plan of insurance with the consent of the Company, subject to such requirements and upon payment of such cost, if any, as the Company shall determine.

**INCONTESTABILITY:** This Policy, but not any Part thereof granting Disability or Accident Benefits, shall be incontestable after it has been in force during the lifetime of the Insured, for two years from its Issue Date, except for fraud, willful misrepresentation and non-payment of Premium(s). In the event the Owner elects to increase the Basic Face Amount or to reinstate this Policy, the increase or Reinstatement shall be incontestable, under this Policy, after it has been in force, during the lifetime of the Insured, for two years from the effective date of the increase or the Reinstatement except for fraud, willful misrepresentation and non-payment of Premium(s).

**SUICIDE:** If the Insured commits suicide, while sane or insane, within two years from the Date of Issue or from the date of any reinstatement of the Policy, the Insurance under this contract shall be a sum equal to the premiums paid and no more.

**AGE:** If the Age of the Insured has been under-stated, any amount payable under this Policy shall be reduced to equal the amount the Premium paid would have purchased at the correct Age. If the Age has been over-stated, the excess of the amount of Premium paid over the Premium at the correct Age will be refunded without interest and there will be no change in the amount payable under this Policy.

In the event the age of the Insured at the Policy Date is higher than the maximum entry age allowed by the Company or lower than the minimum entry age allowed by the Company, then the Policy will be void from its inception.

The Minimum and Maximum age of Insured is stated in Policy Specification schedule.

**OWNERSHIP AND RIGHTS UNDER THIS POLICY:** Subject to any statutory restrictions, all rights, privileges an options provided under this contract not specifically granted to any other person shall be reserved to the Owner alone and shall pass to the Beneficiary only upon the death of the insured during the continuance of this contract unless otherwise provided herein.

**CHANGES IN OWNERSHIP AND BENEFICIARY:** At any time during the continuance of this contract by filing written notice satisfactory to the Company:

a) The Owner may transfer his entire ownership to take effect during his lifetime and

b) Unless otherwise provided herein the Beneficiary may be changed with or without reserving the future right to change the Beneficiary insofar as the laws governing this Policy allow.

No such transfer or change will take effect unless recorded by the Company, but when so recorded shall become effective as of the date the notice was signed subject to any payment made or other action taken by the Company before such recording.

**RIGHTS IN EVENT OF DEATH OF OWNER OR BENEFICIARY:** The rights of an owner or beneficiary in the event of death will be as per the provision of Sec.38 of Insurance Act. 2049.

**ASSIGNMENT:** No assignment of this Policy or of any interest therein, shall be binding on the Company unless recorded by the Company. Any assignment shall be subject to any payment made or other action taken by the Company before the assignment is received and recorded by the Company. The Company assumes no responsibility for the validity, effect or sufficiency of any assignment.

**CASH VALUE:** Basic Cash Value of the Policy is based on the Tables of Cash Values, as determined by the Company from time to time. Total Cash Value of the Policy is the Basic Cash Value plus the Cash Value of any Reversionary Bonuses standing to the credit of the Policy.

**POLICY LOANS:** The Company will lend on the sole security and proper assignment of this Policy during its continuance, an amount not exceeding the then current Loan Value.The Loan Value of this Policy is the amount which with interest to the next interest due date or next premium due date, if earlier, will equal the Total Cash Value of the Policy less any existing indebtedness. The Company reserves the right to defer the granting of a loan, other than a loan to pay premiums, for a period not exceeding six months. Interest on the loan will accrue from day to day at a rate of interest determined by the Company, payable on each anniversary of the Policy. The Company shall have the right to redetermine the rate of interest applicable to new and existing loans. Interest not paid when due will be added to the principal of the loan upon which interest is calculated. The Loan Principal and accrued interest thereon will be deducted from any settlement under the Policy. If the loan with accrued interest exceeds the Total Cash Value at any time the Policy shall terminate and become void.

**PAYMENT OF PREMIUMS AND GRACE PERIOD:** All premiums are payable in advance either annually, in exchange for a receipt signed by an officer of the Company listed in the "Modification"

*Continued on next page*

बीमाशुल्कको प्रथम भुक्तानी पछिका प्रत्येक भुक्तानीका लागि बीमाशुल्क भुक्तानी गर्नुपर्ने मिति (due date) देखि ३१ (एकतीस) दिनको मोहलत (Grace Period) को अवधि प्रदान गरिनेछ । यो अवधिसम्म बीमालेख वहाल (Enforce) रहनेछ । मोहलत पाएको अवधिभित्र बीमाशुल्कको भुक्तानी नगरिएमा बीमालेख व्यतीत हुनेछ । पूरा २ वर्षको बीमाशुल्क भुक्तानी भैसकेको बीमालेख यसरी व्यतित भएको एक वर्षभित्र बीमितको मृत्यु भएमा मृत्यु भएको मितिसम्म बीमितले भुक्तानी गर्नुपर्ने बीमाशुल्क बीमांकबाट कट्टागरी भुक्तानी गरिनेछ । उल्लेखित दिनभित्र मृत्यु भएकोमा बाहेक अर्ध वार्षिक, त्रैमासिक हिसाबले बीमा शुल्क भुक्तानी गरिनेमा सो वर्षको सबै बीमाशुल्क भुक्तान नहुँदै बीमितको मृत्यु भएको खण्डमा त्यस वर्षको निमित्त बाँकी बीमाशुल्क उक्त भुक्तानी गरिने रकमबाट कट्टा गरिने छैन ।

व्यतित (Lapse): सबै बीमाशुल्कहरु अग्रीम रुपमा वार्षिक वा कम्पनीले निर्धारण गरेको अन्य तरिकाअनुसार मोहलतको अवधिभित्र भुक्तानी गरिएन र बीमालेखले कुनै आधारभुत नगद मूल्य आर्जन गरेको छैन भने बीमालेख समाप्त (lapse) हुनेछ र त्यसको कुनै मूल्य रहने छैन ।

अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी, नेपाल शाखालाई लागु हुने नेपालको प्रचलित कुनै कानून वा अन्य कुनै देशको प्रचलित कानूनको उद्देश्यका लागि आवश्यक परेको खण्डमा ग्राहकको अमेरिकी वा गैर अमेरिकी हैसियत (US or Non –US Status) सम्बन्धीउपयुक्त प्रमाणहरु ग्राहकले बीमकलाई समयमा उपलब्ध नगराएमा बीमकले यो बीमा करार रद्द गर्न सक्नेछ । विशिष्ठ रुपमा नेपालको प्रचलित कानूनले बीमालेख खाताबाट रकम भुक्तानी रोक्का राख्न निषेध गरेको वा खाताको विवरण पठाउन निषेध गरेको र त्यस्तो स्थानीय कानूनबाट छुट माफि प्राप्त गर्न नसकिएको अवस्थामा बीमकले त्यसरी करार रद्द भएको मितिले (१५) दिन भित्र निजको बीमालेखको चुक्ता मूल्य प्रदान गरी खाता बन्द गर्न सक्नेछ ।

बीमालेख स्वत: जफत नहुने (Automatic Non-forfeiture Provision): यदि मोहलतको अवधिभित्र पनि बीमाशुल्क भुक्तानी गरिएको छैन र बीमा जफत नहुने प्रावधान (non-forfeiture provision) रोजेको छैन र बीमालेखले आधारभूत नगदी मूल्य आर्जन गरेको छ भने तल लेखिएबमोजिम बीमालेख स्वत: वहाल रहनेछ :-

(क) यदि तिर्न बाँकी बीमाशुल्क ऋण मूल्य बराबर वा सो भन्दा घटी छ भने तिर्न बाँकी बीमाशुल्कको भुक्तानीको लागि आवश्यक रकम कम्पनीले स्वत: बीमाशुल्क ऋण (automatic premium loan) को रुपमा प्रदान गर्नेछ ।

(ख) यदि ऋण मूल्य तिर्न बाँकी बीमाशुल्क तिर्न अपर्याप्त छ भने, ऋण मूल्यले जति अवधिको बीमा शुल्क तिर्न भ्याउँछ समानुपातिक हिसाबले बीमालेख कायम राखिने छ ।

जफत नहुने स्वेच्छिक शर्तहरु (Elective Non-forfeiture Provision):

प्रथम विकल्प-नगद समर्पण: समर्पण मूल्य भएको बीमालेखको मालिकले कम्पनीलाई चित्त बुझ्दो लिखित सूचना दिई बीमालेख कम्पनीलाई समर्पण गरी बीमालेख अन्तर्गत तिर्न बाँकी रकम कटाई कुल समर्पण मूल्य प्राप्त गर्न सक्दछ ।

दोस्रो विकल्प-कम मूल्यको चुक्ता बीमा: बीमालेखले समर्पण मूल्य प्राप्त गरेपछि कुनै पनि समयमा, कम्पनीलाई सन्तोषजनक हुने लिखित सूचना दिई, बीमालेखको मालिकले बीमितको उमेर र कम्पनीले निर्धारण गरेका आधारहरुको अधिनमा रही बीमालेखको नगदी मूल्यले खामेसम्मको मूल्य भएको मुनाफामा सरीक नहुने (non participating) कम मूल्यको चुक्ता बीमालेख (reduced paid-up insurance) को रुपमा बीमालेख कायम राख्न सक्नेछ ।

तृतीय विकल्प-अवधि बढाइएको बीमा: बीमालेखले समर्पण मूल्य प्राप्त गरेको अवस्थामा बीमालेखको मालिकले कम्पनीलाई सन्तोषजनक सूचना दिई मुनाफामा सरिक नहुने अवधि बढाएको बीमा (Non Participating Extended Term Insurance) मा परिणत गराई बीमा कायम राख्न सक्नेछ । यस्तो बीमाको रकम रिभर्सनरी बोनस थप भएपछिको अंकित मूल्य (face amount) र पूँजी वृद्धि बोनसबाट कम्पनीलाई तिर्न बाँकी रकम कटाई बाँकी रहने रकम बराबरको हुनेछ । यसरी अवधि बढाइएको बीमालेखको म्याद बीमितको उमेरको आधारमा बीमाको नगदी मूल्यले खाम्न सक्ने अवधिसम्मको लागि हुनेछ । सावधिक जीवन बीमा (Endowment Insurance) को कुल नगदी मूल्य अवधि बढाइएको बीमाको अवधिलाई बीमाको म्याद भुक्तानी हुने दिन (maturity date) सम्म कायम राख्नको लागि चाहिने रकमभन्दा पनि बढी भएमा यस्तो बढी रकमलाई बीमितको बीमाको म्याद भुक्तान हुने अवस्थासम्म बीमित जीवित छ भने बीमितको उमेरको आधारमा बीमाको म्याद समाप्त हुँदा बीमितलाई भुक्तानी प्राप्त हुने चुक्ता शुद्ध सावधिक जीवन बीमा (Paid-up pure endowment) खरीद गर्नको लागि आवश्यक पर्ने एकल बीमा शुल्क (single premium) को रुपमा प्रयोग गरिनेछ ।

न्यूनतम आधारभूत मूल्यको ग्यारेन्टी (Guarantee of minimum basic value): आधारभूत नगदी मूल्य (basic cash value), घटाइएको चुक्ता बीमा (reduced paid-up insurance), अवधि बढाएको बीमा (extended term insurance), शुद्ध सावधिक जीवन बीमा (pure endowment insurance) अनुसार कायम भएको मूल्यहरु विभिन्न बीमा योजना, उमेर र बीमा अवधिको आधारमा संलग्न तालिकामा उल्लेख गरिएको मूल्यभन्दा कम हुने छैन भनी कम्पनी ग्यारेण्टी गर्दछ । संलग्न तालिकामा उल्लेखित आधारभूत मूल्यमा शुरुकै दरमा तोकिएको बोनस (reversionary bonus) लाई समावेश गरिएको छैन र बीमा अवधिको अन्त्यसम्म पूरै बीमाशुल्क चुक्ता भईसकेको छ तथा कुनै पनि ऋण तिर्न बाँकी छैन भन्ने कुरालाई आधार मानिएको छ ।

बीमालेखको पुनर्जागरण (Reinstatement): बीमालेखलाई नगद समर्पण (cash surrender) गरेको अवस्थामा बाहेक अन्य अवस्थामा बीमाशुल्क तिर्न छोडेको ५ वर्षको अवधिभित्र बीमालेखको पुनर्जागरण गर्न चाहेमा राम्रो स्वास्थ्यको प्रमाणको अलावा बीमा गर्न योग्य छ भन्ने प्रमाणहरु संलग्न गरी बीमा पुनर्जागरण गर्न चाहेको दिनसम्म बाँकी सम्पूर्ण बीमाशुल्क ऋणको सावाँ र कम्पनीले बीमा समितिको स्वीकृति लिई निर्धारण गरेको ब्याज सहित हुन आउने कुल रकम सहित कम्पनीलाई लिखित निवेदन पेश गरेमा बीमालेखको पुनर्जागरण हुन सक्दछ । यसको अतिरिक्त निर्विवाद (incontestability) महल अनुसार जालसाजी अथवा पुनर्जागरण सम्बन्धी आधारभूत तथ्यहरु लुकाएको वा भुक्याएको भन्ने आधारमा बीमालेख पुनर्जागरण भएको दुई वर्षभित्र विवादास्पद (contestable) हुनसक्दछ ।

बीमालेख मूल्य भुक्तानी हुनसक्ने अरु उपायहरु (Other ways in which the proceeds of this Policy may be paid): यो बीमालेख अनुसार प्राप्त हुने पूरै वा आंशिक रकम, कम्पनीले तत्काल निर्धारण गरेको भुक्तानी सम्बन्धी ऐच्छिक तरिकाहरु (optional method) मध्ये कुनै एक तरिका अनुसार कम्पनीको स्वीकृतिले भुक्तानी गर्न सकिन्छ ।

युद्ध जोखिम अपवाद: यो बीमालेख र यस बीमालेखको अंगका रुपमा संलग्न पूरक कराहरु (दुर्घटना मृत्यु लाभ पूरक करार बाहेक) का प्रावधानमा जे सुकै कुरा लेखिएको भए तापनि यदि बीमितको मृत्यु वा पूर्ण र स्थायी असक्तता, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा युद्धमा सक्रिय सहभागिताको कारणबाट हुन गएमा यस बीमालेख अन्तर्गत कम्पनीको दायित्व बीमालेखको समर्पण मूल्यबाट कुनै बक्यौता वा ब्याज भए सो घटाई बाँकी रकमसम्म मात्र सिमित रहनेछ ।

यस बीमालेखको उद्देश्यका लागि युद्ध भन्नाले युद्ध, युद्ध जस्तै स्थिति वा सैन्य परिचालन (युद्ध घोषित होस् वा नहोस्) वा अतिक्रमण, विदेशी शत्रुको कार्यवाही बैमनश्यता, सैन्यद्रोह, हुलदंगा वा आतंकवाद, नागरिक विद्रोह, गृह युद्ध, विद्रोह, क्रान्ति, विप्लव, षडयन्त्र, सैनिक शासन वा कर्फ्यू घोषणा वा जारी राख्ने कुनै पनि घटना वा कारणलाई बुझाउँछ ।

बसाई सराई (Transfer of residence): यदि बीमालेखको मालिक बीमालेखको अनुसूची (Policy Specification Schedule) मा नाम उल्लेख भएको र बीमालेखको भुक्तानी हुने देश (Country of Payment) भन्दा बाहिर उस्तै बीमा योजना प्रचलनमा रहेको देशमा बसाई सर्दछ भने बीमा समितिको स्वीकृति लिएर यो बमिलेख त्यही देशमा लागु हुनेगरी स्थानान्तरण गर्न सकिन्छ । यसो गर्दा कम्पनीको स्वीकृति र यसको स्थानान्तरण गर्दा लाग्ने कर लगायत सम्पूर्ण शुल्कहरु बीमाको मालिकले तिर्नु पर्नेछ तर बसाई सरेको देशको सरकारको कुनै नियम कानून उल्लंघन हुने भएमा त्यस्तो स्थानान्तरण गरिने छैन । बीमा स्थानान्तरणको लागि निवेदन दिंदा बीमाको मालिकले बीमा स्थानान्तरण गर्दा कम्पनीले तत्काल लागु गरेको आफ्नो नीति नियम अनुरुप बीमाको अंकित मूल्य, बीमाशुल्क र नगदी मूल्यलाई बसाई सरेको देशको आधिकारिक मुद्रामा परिवर्तन गर्नेछ भन्ने कुरा बुझेको छ र यस कुरामा मञ्जुर गर्दछ । स्थानीय कानुन र व्यापारको अवस्था देश पिच्छे फरक हुने भएकोले बीमा स्थानान्तरणको लागि निवेदन प्राप्त भएमा बीमाको योजना, अंकित मूल्य (Face value) र/अथवा तिर्नुपर्ने बीमाशुल्क जस्ता कुराहरु कम्पनीले परिवर्तन गर्न सक्तछ भन्ने कुरा बीमाको मालिकले मञ्जुर गरेमा मात्र बीमा स्थानान्तरणको लागि प्राप्त निवेदन उपर कारवाही गरिने भन्ने शर्त राख्न पाउने अधिकार कम्पनीले आफूमा सुरक्षित राखेको छ ।

विवाद (Dispute): यस बीमालेख अन्तर्गत कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०४९ अनुसार हुनेछ ।

provision of this Policy, or by some other method with the consent of the Company. A Grace Period of 31 days from its due date will be allowed for payment of each premium after the first, during which period the Policy will remain in force. The Policy will be lapsed if payment of premium is not made within the grace period. In case of death of insured within one year of the lapsation the Policy of which premium has already been paid for two years, payment will be made deducting the premium payable upto the date of death by the insured from the insured amount. In case of payment of premium on half yearly or on quarterly basis in the event of death of insured before payment of premium in full for the year, the remaining premium amount will not be deducted from the amount payable.

**LAPSE:** If, at the expiration of the Grace Period, the Premium remains unpaid and the Policy has not yet acquired a Basic Cash Value, the Policy shall lapse and have no further value.

The Insurer can terminate this insurance contract in the event that the client is not providing the appropriate proofs related to US or non-US status when required for the purpose under the prevailing laws of Nepal or any other country applicable to American Life Insurance Company Nepal Branch. In particular, in the event that prevailing laws of Nepal prohibits withholding of payments to the account or prohibits to forward the details of the account, and not in the position to obtain the waiver of such local laws the insurer will pay the Paid-Up Value of the policy within 15 days from the date of cancelling the contract and closes the account.

**AUTOMATIC NON-FORFEITURE**

**PROVISION:** If, at the expiration of the Grace Period, the Premium remains unpaid and no non-forfeiture provision has been elected and the Policy has acquired a Basic Cash Value, the Policy will automatically continue in force as follows:

a) If the loan Value is equal to or greater than the unpaid premium the Company will advance the premium due as an Automatic Premium Loan.

b) If the Loan Value is insufficient to cover any premium in default the Policy shall be continued in force for such proportion of the period covered by the premium due as the Loan Value bears to the premium.

**ELECTIVE NON-FORFEITURE PROVISION**

**OPTION 1-CASH SURRENDER :** At any time after the Policy first has a Basic Cash Value, by filing written notice satisfactory to the Company, the Owner can surrender the Policy and receive the Total Cash Value, less any indebtedness.

**OPTION 2-REDUCED PAID-UP INSURANCE:** At any time after the Policy first has Basic Cash Value, by filing written notice satisfactory to the Company, the Owner can continue the Policy as non-participating Reduced Paid Up Insurance for such amount as the Cash Value would purchase at the attained age of the Insured and on a basis determined by the Company.

**OPTION 3-EXTENDED TERM INSURANCE:** At any time after the Policy first has a Basic Cash Value, by filing written notice satisfactory to the Company, the Owner may continue the Policy as non-participating Extended Term Insurance in an amount equal to the Face Amount increased by any Reversionary Bonuses and Capital Growth Bonuses less any existing indebtedness. The period for which such Extended Term Insurance will be continued shall be such as the Total Cash Value will purchase at the attained age of the Insured. In the case of Endowment Assurance, if the Total Cash Value is more than sufficient to continue Extended Term Insurance to the Maturity Date, the excess shall be used as a Single Premium at such attained age to purchase Paid-Up Pure Endowment Insurance payable on the Maturity Date if the Insured is then living.

**GAURANTEE OF MINIMUM BASIC VALUES:** The Company gaurantees that the Basic Cash Value, the Basic Reduced Paid-Up Insurance, the Extended Term Insurance period and amount of Pure Endowment will not be less than the values shown in the attached Table for the appropriate Plan, Age and Duration. The Basic Values shown do not include Reversionary Bonus and assume (1) that Premiums have been paid in full to the end of the period shown and (2) that there is no existing indebtedness.

**REINSTATEMENT:** Unless this Policy has been cash surrendered, it may be reinstated at any time within five years after default in payment of premium upon written application to the Company with the production of evidence of insurability, including good health, satisfactory to the Company together with payment of all overdue premiums and repayment or reinstatements any loan, both with the rate including interest as determined by the company with the prior approval of the Insurance Board. In addition to the provisions of the Incontestability Clause herein, a reinstated Policy shall be contestable on account of fraud or misrepresentation of material facts pertaining to the reinstatement for two years from the date of reinstatement.

**OTHER WAYS IN WHICH THE PROCEEDS OF THIS POLICY MAY BE PAID:** The whole or part of the proceeds of this Policy may, with the Company's consent, be settled under one of the Optional Methods of Settlement then made available by the company.

**WAR RISK EXCLUSION:** It is hereby agreed that, not withstanding the provisions of this Policy and any Supplementary Contract made a part thereof (excluding Accidental Death Benefit Supplementary Contracts), if the Insured dies or is totally and permanetly disabled as a result of his directly or indirectly taking an active part in War, the Company's liability under this Policy shall be limited to the amount of Surrender Value under the Policy, If any, reduced by any indebtedness to the Company existing against this Policy including interest due or accrued.

For the purpose of this Policy, War means: War, War-like operations or military operations (whether war be declared or not) or invasion, act of foreign enemy, hostilities, mutiny, riot, civil commotion, civil war, rebellion, revolution, insurrection, conspiracy, military or usurped power, martial law or state of siege, or any events or causes which determine the proclamation or maintenance or martial law or state of siege.

**TRANSFER OF RESIDENCE:** In the event the Owner takes up residence outside the country of payment specified in the Policy Specification Schedule in a country where the company writes the same Policy Plan, this Policy with the prior approval of the Insurance Board may be transferred to the owner's new country of residence with the approval of the Company subject to and conditional upon the Owner paying any taxes or other expenses directly resulting from such transfer; provided however, that no such transfer shall be effected if it would be in violation of any law or Government regulation then in effect. In applying for such transfer, the Owner understands and agrees that upon transfer, the Company will convert the Face Amount, premium and Cash Values, if any, of the Policy to the official currency of the Owner's new country of residence in accordance with the rules of the Company then in effect. Because local laws and business condition vary, when a transfer is requested the Company reserves the right to condition any offer to transfer made to the Company upon the Owner agreeing to a change in the Policy Plan, and/or Face Amount and/or premiums payable.

**DISPUTE:** In case of any dispute arising out of this Policy will be settled as per the Insurance Act, 2049.